नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौं

(प्रकाशित मितिः- २०८२/०९/०२)

प्रशिक्षकको सूची अद्यावधिक गर्ने सम्बन्धी सूचना ।

यस केन्द्रबाट आ.व. २०८२/८३ मा सञ्चालन हुने देहायका सीप विकास तालिमका लागि उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा १४ बमोजिम देहायका विषयक्षेत्रहरुमा प्रशिक्षकको सूची (रोष्टर) अद्यावधिक गर्नुपर्ने भएकाले सम्बन्धित विषय क्षेत्रमा तोकिएको योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, तालिम र अनुभवका प्रमाणपत्रहरु समेत संलग्न गरी यस केन्द्रमा लिखित रुपमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। आवेदन यस केन्द्रको ईमेल info@mcsipc.gov.np मार्फत समेत पेश गर्न सकिनेछ।

देहाय :-

सि.नं.	तालिमका विषय/ क्षेत्रहरु
१	टायल तथा मार्बल फिटर
२	ह्याण्डिक्राफ्ट कालिगढ
३	सुनचाँदी कालीगढ
४	प्लम्बिङ्ग
५	बिल्डिङ ईलेक्ट्रिसियन
६	व्युटिसियन
७	ढाका बुनाई
८	बार्बर (हेयर ड्रेसर)
९	जनरल कुक
१०	बेकरी
११	कफि वारिष्टा
१२	मन्टेस्वरी तालिम
१३	मोबाइल मर्मत
१४	अटोमोबाइल मर्मत
१५	केयर गिभर
१६	ईलेक्ट्रिकल मोटर रिवाइन्डर
१७	जनरल बेल्डिङ
१८	थाङ्का/मिथिला लोक आर्ट
१९	इम्ब्रोइडरी
२०	प्याट्रन सिलाई
२१	फेसन डिजाइन
२२	कम्प्युटर/ल्यापटप मर्मत
२३	मसला बनाउने

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र
त्रिपुरेश्वर, काठमाडौं

प्रशिक्षकको मापदण्ड

प्रशिक्षकको शैक्षिक योग्यता, तालिम वा अनुभव

(क) मुख्य प्रशिक्षकः सम्वन्धित बिषयमा मान्यता प्राप्त संस्था/बिश्वबिद्यालयबाट स्नातक उत्तीर्ण गरी शिक्षण प्रशिक्षणको तालिम (**TOT**) लिएको वा सम्बन्धित बिषयमा ३ तहको सीप उत्तीर्ण गरी ५ बर्षको कार्य अनुभव भएको।

(ख) प्रशिक्षकः सम्वन्धित बिषयमा मान्यता प्राप्त संस्था/ बिश्वबिद्यालयबाट प्रमाणपत्र डिप्लोमा तह उत्तिर्ण गरी प्रशिक्षक प्रशिक्षणको तालिम (**TOT**) लिएको वा सोको सट्टामा सम्वन्धित बिषयमा सीप तह ३ उत्तीर्ण गरी ३ बर्ष कार्य अनुभव भएको वा प्राविधिक एस एल सि वा २ तहको सीप विकास तालिम उत्तिर्ण गरी ५ बर्षको कार्य अनुभव भएको।

(ग) सह प्रशिक्षकः दश कक्षा उत्तीर्ण गरी १ तहको सीप विकास तालिम उत्तीर्ण गरी २ बर्षको कार्य अनुभव भएको

(घ) सहायक प्रशिक्षकः दश कक्षा उत्तीर्ण गरी सम्बन्धित बिषयमा तालिम लिई कम्तीमा २ बर्ष कार्य अनुभव भएको वा दश कक्षा उत्तीर्ण गरी सम्बन्धित विषयमा ५ वर्षको कार्य अनुभव भएको ।

प्रशिक्षकको स्तर

(क) मुख्य प्रशिक्षकको स्तरः नेपाल सरकार राजपत्राङ्कित तृतीय श्रेणी सरह।

(ख) प्रशिक्षकको स्तरः नेपाल सरकारको राजपत्र अनंकित प्रथम श्रेणी सरह।

(ग) सह प्रशिक्षकको स्तरः नेपाल सरकारको राजपत्र अनंकित द्वितिय श्रेणी सरह।

(घ) सहायक प्रशिक्षकको स्तरः नेपाल सरकारको राजपत्र अनंकित तृतिय श्रेणी सरह।

यसमा उल्लेख भए बाहेकको योग्यता, तालिम वा अनुभवको हकमा केन्द्रले स्तर निर्धारण गर्न सक्ने ।